सधै र सबैको लागि खबर खोज्ने अभियान

खबर दर्पण

Khabar Darpan National Daily


राष्ट्रिय दैनिक

♦ वर्ष १० ♦ अंक ३२ ♦ २०८३ साल कार्तिक ३० सोमवार ♦ 16 Nov 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९



तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

अस्ताउँदो सूर्यलाई अर्घ्य दिँदै 'सझुका अरख' सम्पन्न





खबर दर्पण समाचारदाता

कार्तिक २९ गते, बर्दिवास

लोकआस्थाको महापर्व छठको 'सझिया अरख' आज साँझ सम्पन्न गरिएको छ । मधेशका महोत्तरीसहितका मिथिला क्षेत्रमा आज कार्तिक शुक्ल षष्ठी तिथिको निराहार उपवास गरेका व्रतालुले अस्ताउँदो सूर्यलाई पहिलो अर्घ्य दिएसँगै 'सझिया अरख' विधि सम्पन्न भएको हो ।

नदी, तलाउ र कुण्डसहितका जलाशयमा निर्मित मनोरम घाटमा व्रतालुले आज साँझ अस्ताउँदो सूर्यलाई पहिलो अर्घ्य दिएका हुन् । सम्पूर्ण मिथिला क्षेत्रमा आज साँझ ५:१० बजेको समयमा सूर्यास्त भएको छ । सूर्यास्तको बेला पारेर सूर्यदेव र छठीदेवीको महिमागान गरिएका मंगलगानका बीच पहिलो अर्घ्यको विधि सम्पन्न भएको हो ।

मिथिलामा चाडपर्वबारे निर्णय लिइने मिथिला र विद्यापति पञ्चाङ्गअनुसार अर्घ्यको समय निर्धारण गरिन्छ । आजको 'सझिया अरख' को समय यसैअनुसार निर्धारण भएको मैथिल कर्मकाण्डका ज्ञाता बर्दिबास-२ का बासिन्दा पण्डित दिनेशकुमार झाले बताए ।

कार्तिक शुक्ल षष्ठी तिथिमा भगवान् सूर्य र देवी षष्ठीको उपासना गरिने यो पर्वमा व्रतालुले पहिलो अर्घ्य अस्ताचलगामी (अस्ताउँदो) सूर्यलाई दिने परम्परा छ। अर्घ्य दिन एक घडीपूर्व देखि जलाशयमा कम्मरसम्मको पानीमा उभिएर प्रार्थना गर्दै व्रतालुले सूर्यास्त कुरेका थिए । जटासहितको नरिवल, अबिर र अरवा चामलको पिठो हातमा लिएर सूर्यदर्शन गर्दै अर्घ्य दिइन्छ। व्रतालुले यससँगै क्रमशः छठका लागि बनाएका ठकुवा, भुसुवासहित मिष्टान्नका डाली, केरा र अन्य फलफूल सूर्यलाई देखाउँछन् ।

कार्तिक शुक्ल चौथीका दिन सुरु भएको छठ उत्सवमा यसअघि व्रतालुले पहिलो दिन चौथी तिथिमा 'नहाय-खाय' र दोस्रो दिन पञ्चमी तिथिमा 'खरना' सम्पन्न गरिसकेका छन् । खर नाका दिन मध्यरातपूर्व सख्खर , दूध र अरबा चामलको खिर खाएर व्रत प्रारम्भ गरेका व्रतालुले आज साँझ अस्ताउँदो सूर्यलाई पहिलो अर्घ्य दिएका हुन् । मिथिलामा यस दिनलाई 'सझियाघाट' पनि भनिन्छ ।

अब व्रतालुले भोलि सप्तमी तिथिका बिहान उदाउँदो सूर्यलाई दोस्रो अर्घ्य दिएर पर्व सम्पन्न गर्नेछन् । मिथिलामा भोलि सोमबार बिहान ६:२६ बजे सूर्योदय हुने पञ्चाङ्गमा उल्लेख छ । सूर्योदयको यो समयमा पनि व्रतालु एक घडी (साढे दुई घण्टा) पहिले पानीमा पसेर सूर्यलाई चाँडै देखिन प्रार्थना गर्छन् । बिहानको अर्घ्यसँगै महापर्व छठ सम्पन्न हुन्छ ।

बिहानको अर्घ्य दिने दिनलाई 'भोरका अरख' वा 'पारन' भन्ने चलन रहेको पण्डित झाले जानकारी दिनुभयो । उहाँका अनुसार पर्व सम्पन्न भएसँगै व्रतालु घर फर्केर आशामुखी, दीनदुःखीलाई दान दिएर प्रसाद ग्रहण गर्छन् । त्यसपछि प्रसाद खाने-खुवाउने क्रम सुरु हुन्छ । मिथिलामा छठको प्रसाद महिनाभरि छोरीचेली, मित र अन्य इष्टमित्रकहाँ पुऱ्याउने चलन छ । सूर्यदेव र षष्ठीदेवी मिथिलामा इच्छित कामना पूरा गर्ने इष्टदेव तथा देवी मानिन्छन् ।

७ मंसिरदेखि जनकपुर-अयोध्या द्रुत रेल प्रधानमन्त्री बालेन र भारतीय प्रधानमन्त्री मोदीले संयुक्त रूपमा उद्घाटन गर्ने

खबर दर्पण समाचारदाता

कार्तिक २९ गते, बर्दिवास

नेपाल र भारतका प्रमुख सांस्कृतिक नगरी जनकपुरधाम र अयोध्याबिच साप्ताहिक 'द्रुत रेलसेवा' सुरु हुने भएको छ । प्रधानमन्त्री बालेन्द्र शाह (बालेन) र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले ७ मंसिरमा नयाँदिल्लीबाट भिडियोमार्फत रेलसेवाको संयुक्त रूपमा उद्घाटन गर्ने तय भएको हो ।

प्रारम्भिक कार्यतालिकाअनुसार ७ मंसिरको अपराह्न नयाँदिल्लीको हैदराबाद हाउसमा प्रधानमन्त्रीद्वय शाह र मोदीले रेलवे सेवाको उद्घाटन गर्नेछन् । भारतीय रेलवेले जनकपुर र अयोध्याबिच 'नयाँ बन्दे भारत रेलवे' सञ्चालन गर्न प्राविधिक परीक्षण गरिसकेको छ ।

'भारत-नेपाल कनेक्टिभिटी (सम्पर्क सञ्जाल) सुदृढ गर्ने दिशामा एक महत्वपूर्ण कदम चाल्दै भारतीय रेलवेले नेपालको जनकपुरधाम र भारतको उत्तर प्रदेशस्थित अयोध्याबिच नयाँ साप्ताहिक रेलसेवा सञ्चालन गर्न स्वीकृति दिएको छ,' भारतीय रेलवेद्वारा शनिबार जारी प्रेस विज्ञप्तिमा भनिएको छ, 'यस सेवाले रामायण परम्परासँग गहिरो रूपमा जोडिएका दुई गन्तव्य- माता सीताको जन्मस्थलका रूपमा पूजनीय जनकपुरधाम र प्रभु श्रीरामको जन्मस्थल अयोध्याबिच एक महत्वपूर्ण रेल सम्पर्क स्थापित गर्नेछ ।'

यो पहलले दुवै देशका यात्रुलाई यी प्रमुख धार्मिक तथा सांस्कृतिक केन्द्रमा सहज पहुँच प्रदान गर्नुका साथै दुई देशको साझा सभ्यतागत सम्पदालाई थप बलियो बनाउने पनि भारतीय रेलवेले जनाएको छ । अयोध्या-जनकपुर रेलसेवा सञ्चालन बारे भारतीय प्रधानमन्त्री मोदीले लामो समयदेखि चासो दिँदै आएको एक भारतीय कूटनीतिक अधिकारीले बताए ।

'प्रधानमन्त्रीका रूपमा मोदीजीको तेस्रो कार्यकाल सुरुवात भएको सय दिनका



एआई फोटो

अवसरमै अयोध्या-जनकपुर रेलसेवा सुरु गरौं भन्ने उहाँको चाहना थियो, यद्यपि प्राविधिक कार्यहरूको व्यवस्थापनले गर्दा ढिलो हुन गएको छ । नेपालको नयाँ सरकारसँग सहकार्यको सुरुवात नै रेलसेवाबाट हुने भयो,' ती अधिकारले भने, 'अयोध्या-जनकपुर रेलसेवामा प्रधानमन्त्रीजीले प्रत्यक्ष रूपमा चासो राखिरहनुभएको छ, नियमित रूपमा ब्रिफिङ लिइ रहनुभएको छ ।'

उद्घाटनका क्रममा अयोध्यास्थित

बाँकी पृष्ठ ३ मा

खबर दर्पण
राष्ट्रिय दैनिक

कतारमा दलित एकता सञ्जालको देउसी-भैलो, सामाजिक एकतामा जोड

आशिक हुसैन शेख
दोहा, कतार

विजयादशमी, दीपावली तथा छठ पर्वको अवसर पारेर दलित एकता सञ्जाल नेपाल, कतारको आयोजनामा शुभकामना आदानप्रदान तथा देउसी-भैलो कार्यक्रम भव्य रूपमा सम्पन्न भएको छ।

विश्वकर्मा समाज कतार र परियार मित्रता समाज कतारको सहकार्य तथा सांस्कृतिक विभागको संयोजनमा शुक्रबार (नोभेम्बर १३) कतारको एसियन टाउनस्थित लालिगुराँस रेस्टुरेन्टमा कार्यक्रम आयोजना गरिएको हो।

गैरआवासीय नेपाली सङ्घ (एनआरएनए) राष्ट्रिय समन्वय परिषद् कतारका अध्यक्ष कृष्ण पन्थीको प्रमुख आतिथ्य तथा दलित एकता सञ्जाल नेपाल, कतारका अध्यक्ष प्रकाश विश्वकर्माको सभापतित्वमा सम्पन्न कार्यक्रममा कतारमा क्रियाशील विभिन्न नेपाली सङ्गसंस्थाका अध्यक्ष तथा प्रतिनिधि, समाजसेवी, बुद्धिजीवी, कलाकार, पत्रकार र नेपाली समुदायका सदस्यहरूको सहभागिता रहेको थियो।

कार्यक्रमको सुरुवात परियार मित्रता समाज कतारका अध्यक्ष सुमन नेपालले स्वागत मन्तव्य राख्दै गर्नुभएको थियो। उहाँले प्रमुख अतिथि, अतिथिगण, विभिन्न सङ्गसंस्थाका प्रतिनिधि तथा उपस्थित सम्पूर्ण नेपाली समुदायलाई स्वागत गर्नुभएको थियो। कार्यक्रम सञ्चालन दलित एकता सञ्जाल नेपाल, कतारका महासचिव अमृत विश्वकर्माले गर्नुभएको थियो।

कार्यक्रमको प्रारम्भमा राष्ट्रिय गान प्रस्तुत गरिएको थियो। त्यसपछि मकवानपुरको भीमफेदी गाउँपालिका-६, चिसापानीगढीमा भएको यात्रुवाहक भ्यान दुर्घटनामा परी १४ जनाको ज्यान गएको घटनाप्रति दुःख व्यक्त गर्दै मृतकहरूप्रति श्रद्धाञ्जली अर्पण तथा शोकसन्तप्त परिवारजनप्रति समवेदना प्रकट गरिएको थियो। सो अवसरमा एक मिनेट मौनधारणसमेत गरिएको थियो।

कार्यक्रमका प्रमुख अतिथि पन्थीले तीनवटा संस्थाले सहकार्य गरेर संयुक्त रूपमा कार्यक्रम आयोजना गर्नु प्रशंसनीय कार्य भएको बताउनुभयो। कतारमा रहेका विभिन्न जातजाति, समुदाय, सङ्गसंस्था, राजनीतिक दलका प्रतिनिधि, कलाकार तथा पत्रकारको सहभागिताले नेपाली समुदायबीच आपसी एकता, सद्भाव र भाइचारा थप मजबुत बनाउने उहाँको भनाइ थियो।

विदेशमा रहेर पनि नेपाली मौलिक भाषा, कला, संस्कृति र परम्पराको संरक्षण गर्नु सबै नेपालीको साझा जिम्मेवारी भएको उल्लेख गर्दै उहाँले विभिन्न सङ्गसंस्थाबीच सहकार्य र समन्वय गरेर कार्यक्रम आयोजना गर्दा समय तथा स्रोतसाधनको सदुपयोग हुनुका साथै आपसी सम्बन्धसमेत प्रगाढ हुने बताउनुभयो।

सांस्कृतिक कार्यक्रम मनोरञ्जनको माध्यम मात्र नभई नयाँ पुस्तालाई आफ्नो मौलिक संस्कृति र पहिचानसँग जोड्ने महत्वपूर्ण अवसरसमेत भएको उहाँले उल्लेख गर्नुभयो। आगामी दिनमा पनि नेपाली सङ्गसंस्थाबीच यस्तै सहकार्य र एकताको वातावरण कायम राख्नुपर्नेमा उहाँले जोड दिनुभयो।

कार्यक्रममा विश्वकर्मा समाज कतारका अध्यक्ष दीपक विश्वकर्मालगायत विभिन्न सङ्गसंस्थाका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो। देउसी-भैलो प्रस्तुतिसहित आयोजित कार्यक्रममा नेपाली मौलिक कला, संस्कृति, परम्परा र चाडपर्वको महत्वलाई प्राथमिकता दिइएको थियो।

समापन मन्तव्यका क्रममा सभापति तथा दलित एकता सञ्जाल नेपाल, कतारका अध्यक्ष प्रकाश विश्वकर्माले कार्यक्रममा सहभागी प्रमुख अतिथि, अतिथिगण, विभिन्न सङ्गसंस्थाका अध्यक्ष तथा प्रतिनिधि, समाजसेवी, पत्रकार, कलाकार र सहयोगीहरूप्रति आभार व्यक्त गर्नुभयो।

उहाँले तीनवटा संस्थालाई एकै ठाउँमा ल्याएर संयुक्त रूपमा कार्यक्रम आयोजना गर्नु आपसी एकता र सहकार्यको उदाहरण भएको बताउनुभयो। एकता भाषणमा मात्र सीमित नभई सोच र व्यवहारमा समेत देखिनुपर्ने उल्लेख गर्दै उहाँले समुदायभित्र रहेका विभेद, असमानता र आपसी दूरी हटाउन सबै एकजुट हुनुपर्ने धारणा व्यक्त गर्नुभयो।

समाजमा वास्तविक परिवर्तन ल्याउन सबैभन्दा पहिले आफ्नै सोच र व्यवहारमा परिवर्तन आवश्यक रहेको उहाँको भनाइ थियो। आपसी एकता, सहकार्य र सकारात्मक सोचका माध्यमबाट मात्रै समुदायको अधिकार, पहिचान र सामाजिक सम्मानलाई बलियो बनाउन सकिने उहाँले बताउनुभयो।

अध्यक्ष विश्वकर्माले कार्यक्रम सफल बनाउन विहानदेखि अन्तिम समयसम्म खटिने सांस्कृतिक विभागका संयोजक, कार्यसमिति



सदस्य, स्वयंसेवक तथा सम्पूर्ण सहयोगीप्रति धन्यवाद व्यक्त गर्नुभयो।

कार्यक्रममा दलित समुदायबीच आपसी एकता कायम गर्दै जातीय विभेद, छुवाछुत तथा सामाजिक असमानताको अन्त्य गरी समानतामूलक समाज निर्माण गर्नुपर्ने सन्देश प्रवाह गरिएको थियो। 'दलितहरूको एकता, छुवाछुतमुक्त समाज निर्माणमा सम्पूर्ण नेपालीहरूको सहभागिता' भन्ने मूल नाराका साथ आयोजित कार्यक्रमले कतारमा रहेका नेपाली समुदायबीच सामाजिक एकता, आपसी सद्भाव र सांस्कृतिक पहिचानलाई थप सुदृढ बनाउने विश्वास आयोजकले व्यक्त गरेका छन्।

नेपाली मौलिक संस्कृति, सामाजिक एकता, सहकार्य र आपसी सद्भावको सन्देश प्रवाह गर्दै कार्यक्रम समापन गरिएको थियो।

लागुऔषध दुर्व्यसन नियन्त्रण गरौं

- लागुऔषधबाट हुने स्वास्थ्य, सामाजिक र पारिवारिक असरबारे सचेत बनौं,
- युवा तथा बालबालिकालाई सिर्जनात्मक कार्यमा सहभागी गराऔं,
- साथीको दबाव वा गलत संगतबाट जोगिन प्रेरित गरौं,
- लागुऔषध कारोबार र दुर्व्यसनविरुद्ध सचेतना बढाऔं,
- समस्यामा परेकालाई घृणा होइन, सहयोग र पुनर्स्थापनाको अवसर दिऔं,
- परिवार, विद्यालय र समुदायबीच सहकार्य बढाऔं,
- लागुऔषध प्रयोग नगरौं/नगराऔं।

लागुऔषध मुक्त, सुरक्षित र जिम्मेवार समाज निर्माणमा योगदान गरौं

औरही नगरपालिका, महोत्तरी

बाल अधिकारको संरक्षण गरौं

- बालबालिकाको अधिकारको सम्मान गरौं,
- बालश्रम, बालविवाह, बालहिंसा तथा सबै प्रकारका शोषणको अन्त्य गरौं,
- बालबालिकालाई गुणस्तरीय शिक्षा, स्वास्थ्य र पोषण सुनिश्चित गरौं,
- बालमैत्री, सुरक्षित र भेदभावरहित वातावरण निर्माण गरौं,
- बालबालिकाको विचार र सहभागितालाई उचित सम्मान गरौं,
- बालबालिकालाई अनलाइन तथा साइबर जोखिमबाट सुरक्षित राखौं,
- परिवार, विद्यालय र समुदाय मिलेर बाल अधिकारको संरक्षणमा सक्रिय बनौं,

समुन्नत राष्ट्र निर्माणका लागि बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं।

सोनमा गाउँपालिका, महोत्तरी

नागरिकमैत्रीः सार्वजनिक सेवा

- सेवाग्राहीप्रति सम्मान, शिष्टता र समान व्यवहार गरौं,
- छिटो, सरल, पारदर्शी र गुणस्तरीय सेवा प्रदान गरौं,
- सेवासम्बन्धी सूचना, प्रक्रिया र शुल्क स्पष्ट रूपमा उपलब्ध गराऔं,
- प्रविधिमैत्री तथा डिजिटल सेवाको प्रभावकारी उपयोग गरौं,
- सेवाग्राहीका गुनासा, सुझाव र प्रतिक्रियालाई सम्बोधन गरौं,
- सुशासन, इमानदारीता, जवाफदेहिता र उत्तरदायित्वलाई आत्मसात् गरौं,
- सार्वजनिक सेवालाई विश्वासयोग्य, पहुँचयोग्य र नागरिककेन्द्रित बनाऔं।

सेवाग्राहीको सन्तुष्टि नै सार्वजनिक सेवाको सफलता हो।

मटिहानी नगरपालिका, महोत्तरी

☎☎ आवश्यक टेलिफोन नम्बरहरू ☎☎

जनकपुर

धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि.	५२५८००
जनपा वारुण यन्त्र	५२००११
एम्बुलेन्स (सरोज फाउण्डेशन)	५२२८०६
एम्बुलेन्स (मारवाडी सेवा समिति)	–५२२७६२, ५२१७८४
एम्बुलेन्स (जानकी मेडिकल कलेज)	–५२६०९०, ५२६०९१
महाविर युवा कमिटी ऐंबुलेंस्	२५९८०
कृष्णा नर्सिंग होम	५२१९१८
जनकपुर मेडिकल सेन्टर	५२०७१४
जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर	५२३३२८
जनकपुर रेल्वे	५२०२११
आँखा अस्पताल	५२०३९७
जनकपुर सुरक्षा गुल्म	५२०१८६/५२६५८६
प्रहरी	५२००९९
एम्बुलेन्स रेडक्रस	१०२
जनकपुर अञ्चल अस्पताल	५२००३३
बछ्यौर प्रसुति सेवा केन्द्र	५२२४५७
विद्युत फ्युज शाखा	५२०१५१
बुद्ध एयर	५२५०२२
गोर्खा एयर	५२१२९४
सीता एयर	५२५९९०
जानकी केबल टिभी नेटवर्क	५२३७२८

वर्दिवास

बर्दिवास अस्पताल	५५००९०
ट्राफीक प्रहरी	५५००५५
छिन्नमस्ता सशस्त्र प्रहरी गण	५५०४०४
जिल्ला खानेपानि (गौरी डाडाँ)	५५०००५
ढल्केवर (नो लाईट)	०४१-५६००६८
सुरक्षा क्याम (रेडियो नेपाल)	५५००२३
बर्दिवास नगरपालिका	५५००३१
खानेपानि कार्यालय	५५०११०
प्रहरी	५२०१९९
प्रहरी	५२००९९
बर्दिवास दुरसञ्चार	५५००००
पारिजात स्मृति अस्पताल	५५०३७२
नेपाल परिवार नियोजन संघ	५५०१०७
इलाका प्रहरी कार्यलय वर्दिवास	५५०००६
खानेपानी बर्दिवास	५५०१४३
रेडक्रस एम्बुलेन्स	५२०१००
मेरी स्टोप्स सेन्टर	५५०१२६
शुभ स्वस्तिक हस्पिटल	५५०२५५
जनसेवा हस्पिटल	५५०४०६
बर्दिवास आँखा अस्पताल	५५०४७७
इलाका प्रशासन कार्यालय वर्दिवास	५५०६६८
IRDS समाज सहकारी अस्पताल	५५०४०१

ढल्केवर

खानेपानी	९८२४८०५९५०
इलाका प्रहरी कार्यालय	०४१-५६०१००
प्रहरी	५२००९९
विद्युत फ्युज शाखा	०४१-५६०१६८
एम्बुलेन्स	९८०४८६७५५४
एम्बुलेन्स	९८१५८३२०३२
ओम शान्ति पोलिक्लिनिक	०४१-५६०१५२

जलेश्वर

अस्पताल	५२००७०
प्रहरी	५२०००९
अस्थायी प्रहरी चौकी भीठामोड	५२०२०९
एम्बुलेन्स	५२०१००
विद्युत्	५२००६६
विद्युत्	५२०११६

महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०
एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६
इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

खबर दर्पण
राष्ट्रिय दैनिक

७ मंसिरदेखि जनकपुर-अयोध्या द्रुत रेल....

अयोध्या केन्ट रेलवे स्टेसनमा उत्तर प्रदेशकी राज्यपाल आनन्दीवेन पटेल, मुख्यमन्त्री योगी आदित्यनाथ, केन्द्रीय रेलमन्त्री अश्विनी वैष्णव, उपमुख्यमन्त्री केशवप्रसाद मौर्य र ब्रजेश पाठकलगायत उच्च भारतीय अधिकारीले हरियो झन्डा हल्लाएर रेलवे सेवा सुरुवात गर्नेछन् । जनकपुरस्थित जानकी मन्दिरका उत्तराधिकारी महन्थ रामरोशन दासले अयोध्या-जनकपुरधाम रेलवे सेवा शुभारम्भ कार्यक्रममा उत्तर प्रदेश सरकार ले निमन्त्रणा गरेको जानकारी दिए ।

'यो ऐतिहासिक क्षण हाम्रा लागि निकै नै खुसीको हुनेछ । हामीलाई भारत सरकारबाट निमन्त्रणा आएको छ र सम्भव भएसम्म सहभागी हुने तयारी गर्दै छु,' उत्तराधिकारी महन्थ दासले भने, 'सुरुमा हप्तामा एउटा रेल नै चल्दा पनि यसले जनकपुरको अभिवृद्धिमा सहयोग पुग्नेछ ।'

नयाँ बन्दे भारत रेलवेले जनकपुधाम र अयोध्याबिच करिब ६०४ किलोमिटर दूरी तय गर्नेछ । 'यो साप्ताहिक रेलसेवाले बिहार र उत्तर प्रदेशका विभिन्न महत्वपूर्ण सहर तथा नगरहरू हुँदै जनकपुरधामलाई अयोध्या क्यान्टसँग जोड्नेछ,' भारतीय रेलवेले भनेको छ ।

हाल जनकपुरस्थित कुर्था रेलवे स्टेसनबाट सीमावर्ती जयनगर सम्म रेल सेवा सञ्चालन हुँदै आएको छ । एक साताअघि जयनगरबाट कुर्थासम्म विशेष रेल सेवाको प्राविधिक परीक्षण भएको थियो । जम्मा १७ डिब्बाको भारतीय रेल जयनगर बाट कुर्था ल्याएर त्यहाँबाट पुनः कुर्था पठाइएको थियो । जनकपुर -अयोध्या रुटमा अहिले भारतीय रेल मात्रै सञ्चालनमा आउनेछ । सीमापार रेलसेवा सञ्चालन सुरुवात गर्ने तय भए पनि नेपाल र भारतबिच रेलका लागि आवश्यक अध्यागमन र भन्सार कार्यालय भने टुंगिन बाँकी छ ।

भारतीय रेलवेद्वारा शनिबार जारी प्रेस विज्ञप्तिमा भनिएको छ-भारत-नेपाल कनेक्टिभिटी (सम्पर्क सञ्जाल) सुदृढ गर्ने लगार्गिदिशामा एक महत्वपूर्ण कदम चाल्दै भारतीय रेलवेले नेपालको जनकपुरधाम र भारतको उत्तर प्रदेशस्थित अयोध्याबिच नयाँ साप्ताहिक रेलसेवा सञ्चालन गर्न स्वीकृति दिएको छ । यस सेवाले रामायण परम्परासँग गहिरो रूपमा जोडिएका दुई गन्तव्य- माता सीताको जन्मस्थलका रूपमा पूजनीय जनकपुरधाम र प्रभु श्रीरामको जन्मस्थल अयोध्याबिच एक महत्वपूर्ण रेल सम्पर्क स्थापित गर्नेछ । यो साप्ताहिक रेलसेवाले बिहार र उत्तर प्रदेशका विभिन्न महत्वपूर्ण सहर तथा नगरहरू हुँदै जनकपुरधामलाई अयोध्या क्यान्टसँग जोड्नेछ ।

रास्वपा सभापति लामिछानेद्वारा मटिहानी र जलेश्वरमा पूजाअर्चना

खबर दर्पण समाचारदाता

कार्तिक २९ गते, बर्दिवास



राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति तथा पूर्वउपप्रधानमन्त्री रवि लामिछानेले आइतबार बिहान महोत्तरी जिल्लाको मटिहानीस्थित लक्ष्मीनारायण मन्दिर तथा प्रसिद्ध जलेश्वरनाथ महादेव मन्दिरमा पूजापाठ गर्नुभएको छ ।

जनकपुरबाट धनुषाको मुसहरनिया हुँदै मटिहानी आइपुग्नुभएका सभापति लामिछानेलाई मटिहानी नगरपालिकाका नगरप्रमुख हरि प्रसाद मण्डलले पुष्पगुच्छा, माला र मटिहानीको मखना दिएर स्वागत गर्नुभएको थियो । सो अवसरमा महोत्तरी क्षेत्र नं. ३ का प्रतिनिधिसभा सदस्य उज्ज्वल झा, नेता पुरुषोत्तम यादव, बबलु गुप्ता, महोत्तरी क्षेत्र नं. १ का प्रतिनिधिसभा सदस्य प्रमोद महतोलगायतको उपस्थिति रहेको थियो ।

सभापति लामिछानेले वैष्णव सम्प्रदायको प्रमुख मठका रूपमा चिनिएको लक्ष्मीनारायण मठको अवलोकन गर्नुका साथै मठमा र हेको प्रसिद्ध लक्ष्मीनारायण मन्दिर मा पूजापाठ गर्नुभएको थियो । मटिहानी नगरपालिकाका नगर प्रमुख हरिप्रसाद मण्डलले राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति लामिछानेले मठको अवलोकन तथा लक्ष्मीनारायण भगवान्को आरती र पूजापाठ गर्नुभएको जानकारी दिनुभयो । उहाँले लामिछानेले मटिहानीमा कुनै मन्तव्य भने नदिनुभएको बताउनुभयो ।

त्यसपछि उहाँ लावालस्करसहित महोत्तरीको प्रसिद्ध जलेश्वरनाथ महादेव मन्दिर पुगेर पूजापाठ गर्नुभएको छ । राष्ट्रिय स्वतन्त्र पार्टीका जिल्ला अध्यक्ष शुभमकुमार यादवले छठपूजाका लागि जनकपुर आइपुग्नुभएका पार्टी सभापति लामिछाने आइतबार बिहान मटिहानी र जलेश्वर पुगेर पूजापाठ तथा दर्शन गर्नुभएको जानकारी दिनुभयो । उहाँले पूजापाठपछि पुनः जनकपुर फर्किनुभएको बताउनुभयो ।

विषाक्त च्याउ नखाऔं: सुरक्षित बनौं

- जंगली च्याउ खानुअघि यसको पहिचान र सुरक्षाबारे सुनिश्चित गरौं,
- अपरिचित च्याउ टिप्ने र खानेबानी त्यागौं,
- विषालु च्याउको प्रयोगबाट हुने स्वास्थ्य जोखिमबारे सचेत बनौं,
- च्याउ खाएपछि असहज लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा जाऔं,
- स्थानीय स्तरमा च्याउ विषाक्तता सम्बन्धी जनचेतना फैलाऔं,
- सुरक्षित र पहिचान भएको खाद्य पदार्थ मात्र सेवन गरौं।

बिषाल च्याउ खाँदा स्वास्थ्यमा ठूलो जोखिम हुन सक्छः सावधानी अपनाऔं

जलेश्वर नगरपालिका, महोत्तरी

सूचनाको हकः नागरिकको मौलिक अधिकार

- सार्वजनिक सरोकारका सूचना प्राप्त गर्नु नागरिकको अधिकार हो,
- सार्वजनिक सरोकारका सूचना उपलब्ध गराउनु राज्यको दायित्व हो,
- सही, तथ्यपरक र आधिकारिक सूचना आदान–प्रदान गरौं,
- सार्वजनिक निकायमा कानुनबमोजिम सूचना अधिकारी तोक्ने गरौं,
- डिजिटल प्रविधिको प्रयोग गरी सूचनामा नागरिकको पहुँच विस्तार गरौं,
- प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुन्छ, तर कानुन बमोजिम गोप्य राखु पर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पार्न मिल्दैन।

मनरा सिस्वा नगरपालिका, महोत्तरी

इलेक्ट्रिक चुरोट (भेप) को प्रयोग नगरौं

- इलेक्ट्रिक चुरोट सुरक्षित विकल्प हो भन्ने भ्रमबाट बचौं,
- निकोटिनयुक्त पदार्थले स्वास्थ्यमा पार्ने असरबारे सचेत बनौं,
- बालबालिका तथा युवालाई इलेक्ट्रिक चुरोटको आकर्षणबाट जोगाऔं,
- धूम्रपान तथा निकोटिनजन्य पदार्थको प्रयोगबाट टाढा रहौं,
- इलेक्ट्रिक चुरोटको प्रयोग र लतबाट बचौं,
- परिवार र समाजमा धूम्रपानमुक्त वातावरण निर्माण गरौं।

स्वस्थ जीवनशैली र सकारात्मक बानीको विकास गरौं

सम्सी गाउँपालिका, महोत्तरी

लामखुट्टेबाट सर्ने रोगबाट बचौं

- लामखुट्टेको टोकाईबाट औलो (मलेरिया), डेंगी, कालाजार, जापानीज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लाग्न सक्दछ।

त्यसैले, लामखुट्टेको टोकाईबाट बच्नः

- घर वरिपरि पानी जम्न नदिऔं,
- घर तथा गोठ वरिपरि सफा सुग्घर राखौं,
- गोठ तथा खोर घरभन्दा टाढा बनाऔं,
- शरिर ढाक्ने कपडा लगाऔं,
- सुत्दा झुल टाँगेर मात्र सुतौं,
- झ्याल तथा ढोकामा लामखुट्टे पस्न नदिन जाली लगाऔं।

लामखुट्टेको टोकाईबाट बचौं र बचाऔं

महोत्तरी गाउँपालिका, महोत्तरी

बाढी/पहिरोबाट सचेत होऔं

बाढी/पहिरो आउनुअघिः

- स्थानीय रेडियो वा अन्य माध्यमबाट मौसमको जानकारी लिऔं,
- खोला, नदी तथा जोखिमपूर्ण ठाउँबाट सुरक्षित स्थानमा जाऔं,
- घरको नजिक पहिरो खस्न सक्ने ठाउँ भए सावधानी अपनाऔं,
- आपतकालीन झोला (प्राथमिक उपचार सामग्री, टर्चलाइट, खानेकुरा, लुगालगायत) तयार राखौं,
- जोखिममा परेका बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिहरूको सुरक्षामा प्राथमिकता दिऔं।

बाढी/पहिरो आएमाः

- अनावश्यक हिंडडुल नगरौं,
- सुरक्षित स्थानतर्फ जाऔं,
- विजुलीका तार तथा खम्बाबाट टाढा रहौं,
- खोलानाला सुरक्षित तवरले तरौं,
- अफवाह नफैलाऔं, सत्य सूचनामात्र आदान–प्रदान गरौं,
- घाइते वा फसेका व्यक्तिको उद्धारमा सहयोग गरौं

पिपरा गाउँपालिका, महोत्तरी

सर्पको टोकाइबाट बचौं र बचाऔं

- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं,
- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पु-याऔं,
- झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं,
- घरवरपरका सर्प बस्नसक्ने सम्भावित ठाउँको पहिचान गरी व्यवस्थापन गरौं,
- रातको समयमा बुट लगाएर टर्च लाईट बालेर हिड्ने गरौं,
- घरमा सर्प छिर्न सक्ने प्वालहरु बन्द गरौं,
- झुल लगाएर खाटमा सुत्ने गरौं।

रामगोपालपुर नगरपालिका, महोत्तरी

जनकपुरधामको गङ्गासागरमा रास्वपा सभापति लामिछाने दम्पतीद्वारा छठ पूजा

खबर दर्पण समाचारदाता

कार्तिक २९ गते, बर्दिवास

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछाने र उहाँकी धर्मपत्नी निकिता पौडेलले जनकपुरधामस्थित ऐतिहासिक गङ्गासागर पोखरीमा छठ पूजा गर्नुभएको छ । छठ पर्व मनाउन जनकपुरधाम आउनुभएका लामिछाने दम्पतीले आइतबार साँझ गङ्गासागर पोखरीको घाटमा पुगेर परम्परागत विधिअनुसार अस्ताउँदो सूर्यलाई अर्घ्य अर्पण गर्नुभएको हो ।

छठ पूजामा सहभागी हुँदा सभापति लामिछाने मिथिलाको मौलिक पहिचान झल्किने धोतीकुर्ता पहिरनमा देखिनुभएको थियो । उहाँकी धर्मपत्नी निकिता पौडेल पनि परम्परागत धार्मिक विधिअनुसार पूजामा सहभागी हुनुभएको थियो । सभापति लामिछाने दम्पतीको छठ पूजामा सहभागिताले जनकपुरधाम र छठ पुजाको महत्व बढेको स्थानीयको भनाइ छ। यसअघि उहाँहरुले जनकपुरधाम उपमहानगरपालिका-२, शिवचोकस्थित नरेश साह र उहाँकी धर्मपत्नी लक्ष्मी देवीको निवासमा छठ पर्वअन्तर्गतको विधि खरना गर्नुभएको थियो । मिथिलाको धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक पहिचानका रूपमा रहेको छठ पर्व मनाउन देशका विभिन्न स्थानबाट श्रद्धालुहरू जनकपुरधाम आउने गरेका छन् । विशेषगरी गङ्गासागर, धनुषसागर, अरगज्जा सर, रत्नसागरलगायतका पोखरी तथा सरोवरमा छठ पर्वका अवसरमा श्रद्धालुको ठूलो भीड लाग्ने गर्छ ।

छठ पर्वमा व्रतालुले नहाय-खायबाट सुरु गरेको कठोर व्रतअन्तर्गत खरना विधि सम्पन्न गरेपछि निर्जला उपवास सुरु गर्ने परम्परा छ। यस पर्वमा व्रतालुले अस्ताउँदो र उदाउँदो सूर्यलाई अर्घ्य अर्पण गरी सूर्यदेव र छठी माताको आराधना गर्ने गर्छन् ।



स्वच्छ शहरः स्वस्थ्य शहर

- धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
- सवारी साधनको समय-समयमा मर्मतसम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं,
- नदी किनार, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षारोपण गरौं,
- सार्वजनिक स्थलका बोट-विरुवा तथा फलफूलको संरक्षण गरौं,
- ध्वनि र वायु प्रदुषण कम गरौं,
- सडकको समय-समयमा मर्मतसम्भार गरौं,
- सडकमा निर्माण सामग्री नराखौं।

शहरलाई सफा राखौः सुन्दर बनाऔं।

एकडारा गाउँपालिका, महोत्तरी

सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं

- सबै जाति, धर्म, भाषा, संस्कृति र परम्पराको सम्मान गरौं,
- विविधतामा एकता नेपालको पहिचान हो भन्ने भावना विकास गरौं,
- आपसी सम्मान, सहिष्णुता र भाइचाराको सम्बन्ध बलियो बनाऔं,
- सामाजिक विभेद, घृणा र भेदभाव अन्त्य गर्न योगदान दिऔं,
- चाडपर्व, संस्कार र संस्कृतिलाई सद्भावपूर्वक मनाऔं,
- अफवाह, द्वेषपूर्ण सूचना र गलत प्रचारबाट सचेत बनौं,
- संवाद, सहकार्य र समझदारीबाट समस्या समाधान गरौं,
- समावेशी, शान्तिपूर्ण र सभ्य समाज निर्माणमा योगदान दिऔं।

सामाजिक तथा सांस्कृतिक सद्भाव, समुन्नत समाजको आधार

गौशाला नगरपालिका, महोत्तरी

कृषि उत्पादनमा आत्मनिर्भर बनौं

- आधुनिक प्रविधिको प्रयोग गरी कृषि उत्पादन वृद्धि गरौं,
- कृषकलाई आवश्यक मल, बीउ समयमै उपलब्ध गराऔं,
- स्थानीय उत्पादनलाई बजारसम्म पुऱ्याउन बजार संयन्त्रको विकास गरौं,
- कृषकलाई सीप, तालिम र सहुलियतपूर्ण ऋण उपलब्ध गराऔं,
- जमिनको संरक्षण गरौं, खेतीयोग्य भूमिको सदुपयोग गरौं,
- कृषि उत्पादन बढाऔं र कृषि उपजमा आत्मनिर्भर बनौं,
- नवीन प्रविधि र अवसर उपलब्ध गराई युवाहरूलाई कृषिमा आकर्षित गरौं।

कृषि पेशा प्रति सम्मान र गौरव गरौं।

भंगहा नगरपालिका, महोत्तरी

जनावरबाट सर्ने रोगविरुद्ध सावधानी अपनाऔं

- जनावरसँगको सम्पर्कमा सावधानी अपनाऔं,
- जनावर छोएपछि साबुनपानीले हात सफा गर्ने बानी बसालौं,
- पशुपन्छीको स्वास्थ्यमा नियमित ध्यान दिऔं,
- अस्वस्थ वा मरेका जनावरको सम्पर्कबाट टाढा रहौं,
- पशुजन्य खाद्य पदार्थ राम्ररी पकाएर मात्र खाने गरौं,
- पशुबाट मानिसमा सर्न सक्ने रोगबारे सचेत बनौं,
- जनावरमा असामान्य लक्षण देखिएमा सम्बन्धित निकायलाई जानकारी गराऔं।

जनावरको स्वास्थ्य, मानव स्वास्थ्यसँग जोडिएकोले सावधानी अपनाऔं

बर्दिवास नगरपालिका, महोत्तरी

बर्डफ्लुजन्य जोखिमबाट सुरक्षित बनौं

- कुखुरा तथा पन्छीपालनमा सुरक्षा तथा सावधानीका उपाय अपनाऔं,
- अस्वस्थ वा मरेका पन्छीको सम्पर्कबाट टाढा रहौं,
- पन्छी छोएपछि साबुनपानीले राम्रोसँग हात धुने बानी बसालौं,
- कुखुरा तथा अण्डा राम्ररी पकाएर मात्र खाने गरौं,
- पन्छीपालन क्षेत्र र वरपरको वातावरण सफा राखौं,
- शंकास्पद लक्षण देखिए वा पन्छी मरेमा सम्बन्धित निकायलाई जानकारी गराऔं,
- पन्छीको अवैध ओसारपसार र बिक्री वितरण रोक्न सहयोग गरौं,
- स्वास्थ्य सुरक्षाका उपाय अपनाई रोगको जोखिम घटाऔं।

सावधानी अपनाऔं, बर्डफ्लुको जोखिम घटाऔं

लोहापट्टी नगरपालिका, महोत्तरी

सचेत उपभोक्ता बनौं

सामान खरिद गर्दा देहायका बिषय एकिन गरौः

- उत्पादकको नाम, ठेगाना र दर्ता नम्बर,
- वस्तुको उत्पादन मिति र उपभोग गरिसक्नुपर्ने मिति,
- आयातित वस्तुको हकमा आयातकर्ताको नाम, ठेगाना,
- वस्तुमा भएको मिश्रण, तौल र परिमाण,
- वस्तुको अधिकतम् बिक्री मूल्य,
- गुणस्तर निर्धारण भएको वस्तुको हकमा त्यस्तो वस्तुको गुणस्तर,
- वस्तुको प्रयोग गर्ने तरीका र प्रयोग गर्नु पूर्वको सावधानी।

सामान खरिद गर्दा सकेसम्म बैकिङ माध्यमबाट भुक्तानी गरौं

भुक्तानी गरेको मूल्य बराबरको बिल लिऔं

बलवा नगरपालिका, महोत्तरी

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२५८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२५०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,